दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक २२३ | बुटवल | २०८३ भदौ ०८ गते, सोमबार | नेपाल संवत ११४६ | Monday August 24, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१


## लुम्बिनीमा मन्त्रिमण्डल विस्तारको किचलो :

# नेकपामा समाहित नाउपा सांसदले मागे विपक्षी बेन्च

लुम्बिनी संवाददाता

*बुटवल*

लुम्बिनी प्रदेश सरकारको मन्त्रिमण्डल विस्तारलाई लिएर सत्तारुढ दल नेकपा भित्रको आन्तरिक किचलो सतहमा आएको छ।

साविकका नागरिक उन्मुक्ति पार्टी र नेकपा एकीकृत समाजवादीबाट निर्वाचित सांसदलाई सहभागी नगराई साविक माओवादी केन्द्रबाट मात्रै तीन जनालाई मन्त्री बनाउने तयारी पछि असन्तुष्टी सार्वजनिक भएको हो । साविक नागरिक उन्मुक्ति पार्टीबाट नेकपामा समाहित भएका प्रदेशसभा सदस्य राजकुमार चौधरी र नरमाया ढकालले पार्टी नेतृत्वबाट भएको मन्त्री सिफारिसप्रति असन्तुष्टि जनाउँदै आफूलाई प्रदेशसभामा विपक्षी दलको हैसियतमा राख्न माग गरेका छन्।

चौधरी र ढकालले लुम्बिनी प्रदेशसभा सचिवालयमा बुझाएको पत्रमा पार्टी एकताको मूल मर्म र भावनाविपरीत साविक नेकपा (माओवादी केन्द्र) पृष्ठभूमिबाट एकलौटी रूपमा मन्त्रीहरुबारे निर्णय गरिएकाले सत्ता पक्षमा बस्न नसक्ने बताए। एउटै दलका रूपमा प्रदेश सरकारमा सहभागी हुने तयारी भइरहेका बेला सोही दलका सांसदले आफूलाई विपक्षी बेन्चमा राख्न माग गर्नुले पार्टीभित्र शक्ति बाँडफाँट, प्रतिनिधित्व र निर्णय प्रक्रियाप्रति गहिरो असन्तुष्टि रहेको संकेत गरेको छ।

'नेकपा नेतृत्वको यो व्यवहारले प्रदेश तहसम्म पार्टी एकता भएको छैन भन्ने पुष्टी हुन्छ, स्थानीय तह त टाढाको कुरा भयो,' चौधरीले भने-'समाहित भएर आएका हामीहरुको टाउको गनेर उहाँहरुले वहुमत पुराउने र सरकार टिकाउने उद्देश्य मात्रै देखियो, त्यसैले म साविक नागरिक उन्मुक्ति पार्टीको हैसियतमा सरकारको विपक्षमा बस्नुपर्ने अवस्था सिर्जना भयो।'

चौधरी र ढकालले सभामुखसमक्ष आफूलाई संवैधानिक तथा संसदीय मर्यादाअनुसार विपक्षी बेन्चमा बस्ने व्यवस्था मिलाइदिन आग्रह गरेका छन् । संसदीय अभ्यास, परम्परा र मर्यादाअनुसार आवश्यक व्यवस्था गर्नसमेत उनले माग गरेका छन् । चौधरीले सरकारमा जाने मन्त्रीहरुका बारेमा नेकपा नेतृत्वले खुला र पारदर्शी छलफल नगरी मिडिया ट्रायल गरेर सोही आधारमा निर्णय लाद्न खोजेको आफूले बुझेपछि विपक्षी बेन्चमा बस्ने निर्णयमा पुगेको बताए।

ढकालले आफूहरूलाई विश्वासको मतका लागि मात्र प्रयोग गरिएकाले 'विद्रोह'को तयारी गरिरहेको बताइन् । 'गोप्य रूपमा गोप्य कोठामै बसेर मन्त्रीको नाम सिफारिस गरियो, हामीलाई अहिलेसम्म पनि जानकारी दिइएको छैन,' उनले भनिन्-'बाहिर चलेको हल्लाअनुसार तीनजना नै पूर्वमाओवादीलाई सिफारिस गरिएकाले हामी विद्रोहको तयारीमा छौं।' उनले आफूहरूलाई विश्वासको मतका लागि संख्या पुऱ्याउन मात्र प्रयोग गरिएकाले सभामुखसँग प्रतिपक्षका लागि कुर्सी व्यवस्था गरिदिन माग गरेको बताइन्।

नयाँ बन्ने मन्त्रीहरुमा नेकपा प्रमुख सचेतक इन्द्रजित चौधरी, दीपेन्द्र पुन 'सिजल' र कृष्णकुश्मा थारूको नाम सिफारिश हुने आफूलाई नेताहरुले बताएको सांसद राजकुमार चौधरीले बताए । थारु र पुन पूर्वमन्त्री हुन्।

सरकारका प्रवक्ता एवं स्वास्थ्यमन्त्री रामजीप्रसाद घिमिरेले भने नेकपाबाट मन्त्रीहरुको नाम आइतबार बिहान १० बजेसम्म







मुख्यमन्त्रीसमक्ष आइनसकेको जिकिर गरे। तर उनले सोमबार (आज) नयाँ मन्त्रीहरुले सपथ लिने सम्भावना रहेको बताए।

नेकपाबाट इन्द्रजित, दीपेन्द्र र कृष्णकुश्मा सहित तत्कालीन नागरिक उन्मुक्तिबाट राजकुमार चौधरी र तत्कालीन नेकपा समाजवादीबाट भगवती अधिकारीको नाम पनि सिफारिस भएको चर्चा भएपनि तत्कालीन माओवादी केन्द्र पृष्ठभूमिका नेताहरूलाई मात्रै प्राथमिकता दिइएको भन्दै चौधरीले असन्तुष्टि जनाए।

'साँच्चै भन्ने हो भने हामीलाई भेंडा बाख्रा जस्तै बनाइयो'-आक्रोश पोख्दै चौधरीले भने-'अहिले तत्काल सरकार त टिक्ला तर यो प्रवृत्तिले प्रदेशको थप बद्नामी र पार्टीलाई पनि नोक्सान नै गर्नेवाला छ।'

चौधरीका अनुसार साविक नागरिक उन्मुक्तिबाट नेकपामा समाहित भएका तीनै जना प्रदेशसभा सदस्यसहित अन्य केही सांसदसमेत विपक्षी बेन्चमा बस्ने तयारीमा छन्।

लुम्बिनी प्रदेशसभामा नेकपाका सभामुख समेत १३ सदस्य मध्ये साविक माओवादी केन्द्रबाट ९, नागरिक उन्मुक्ति पार्टीबाट ३ र नेकपा समाजवादी पृष्ठभूमिबाट १ जना नेकपामा समाहित भएका छन्।

**पार्टी एकतामा प्रश्न**

साविक नागरिक उन्मुक्ति पार्टीबाट नेकपामा समाहित भएका सांसदले नै आफूलाई विपक्षी दलको हैसियतमा राख्न माग गर्नुले पार्टी एकताको व्यवहारिक कार्यान्वयनमाथि गम्भीर प्रश्न उठाएको छ। दल र संगठन एउटै भए पनि निर्णय प्रक्रियामा पुरानै शक्ति संरचना हावी भएको अनुभूति आफूहरूमा रहेको चौधरी र ढकालको गुनासो छ।

नेतृत्वले असन्तुष्ट पक्षसँग संवाद गरेर प्रतिनिधित्व र निर्णय प्रक्रियाबारे स्पष्ट सहमति कायम गर्न नसके यो विवाद थप पेचिलो बन्दै जाने निश्चित भएको उनीहरुले बताए।

**सरकार टिकाउन विना विभागीय मन्त्री**

मुख्यमन्त्री चेतनारायण आचार्यलेसरकार टिकाउनकै लागि आफ्नै प्रतिवद्धता विपरित विना विभागीय मन्त्री नियुक्त गर्ने तयारी गरेका छन्।

सरकारको नीति तथा कार्यक्रम र बजेटमा चालु आर्थिक वर्षदेखि मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालय सहित ९ मन्त्रालय मात्र कायम रहने व्यवस्था गरिएको थियो। तर भागबण्डा मिलाएर सरकार टिकाउन मुख्यमन्त्री आचार्यले आफ्नै प्रतिबद्धतालाई उल्ट्याउँदै मन्त्रीको संख्या १० जना पुऱ्याउन लागेका छन्।

सरकारका प्रवक्ता एवं स्वास्थ्यमन्त्री रामजीप्रसाद घिमिरेले एकजना विना विभागीय मन्त्री नियुक्त गरी मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालय हेर्ने जिम्मेवारी दिइने बताए।

मन्त्रालय बढाउन नपाइएपछि विना विभागीय मन्त्री नियुक्त गर्न थालेकोमा प्रदेशसभाका नेकपा एमालेकै सांसदहरुले विरोध जनाएका छन्।

साउन १२ मा नेपाली कांग्रेसले सरकारलाई दिएको समर्थन फिर्ता लिएसँगै मुख्यमन्त्री चेतनारायण आचार्यले एमाले र जसपाका मन्त्रीहरुको जिम्मेवारी फेरबदल गरेका थिए।

उनले आर्थिक मामिला तथा योजना मन्त्रालय र वन, वातावरण तथा पर्यटन मन्त्रालय राखेर अरू मन्त्रालयमा एमाले र जसपाका मन्त्रीलाई जिम्मेवारी दिएका थिए।

जसअनुसार एमालेका तुलसीप्रसाद चौधरी कृषि, भूमि व्यवस्था तथा सहकारी, डिल्लीराज भुसाल शहरी विकास, ऊर्जा, सिँचाइ तथा खानेपानी, रामजीप्रसाद घिमिरे स्वास्थ्य, रत्नबहादुर खत्री भौतिक पूर्वाधार विकास तथा जसपा नेपालका भण्डारी लाल अहिर आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात र जसपा नेपालकै सन्तोषकुमार पाण्डेय सामाजिक विकास मन्त्रीको जिम्मेवारीमा थिए।

पछिल्लो निर्णयअनुसार मुख्यमन्त्री चेतनारायण आचार्यसहित आर्थिक मामिलामा नेकपाका इन्द्रजित थारु, स्वास्थ्यमन्त्रीमा नेकपाका दीपेन्द्र पुन सिजल र कृषि, वन तथा पर्यटनमा नेकपाकै कृष्णकुशुम थारुले जिम्मेवारी पाउने भएकी छन् । एमालेबाट यसअघि सहरी विकास मन्त्री रहेका डिल्लीराज भुसाल मुख्यमन्त्री कार्यालय हेर्नेगरी बिनाविभागीय, रामजी घिमिरे सामाजिक, रत्न खत्री भौतिक पूर्वाधारमा यथावत, तुलसी चौधरीलाई पर्यटन मन्त्रालयको जिम्मेवारी दिइने छ भने जसपा नेपालबाट सहरी विकास, ऊर्जा सिँचाइमा सन्तोष पाण्डेय र आन्तरिक मामिलामा भण्डारीलाल अहिरलाई यथावत राखिएको छ।

## ३५ वर्षको हिसाब माग्ने हैन : रवि



बुटवल। सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले पुराना राजनीतिक दलहरुसँग विगत ३५ वर्षको हिसाब माग्दै नहिँड्न पार्टीका नेता तथा कार्यकर्तालाई निर्देशन दिएका छन्।

आइतबार राजधानी काठमाडौंमा आयोजित पार्टीको 'नीति, संगठन र नेतृत्व' कार्यशालालाई सम्बोधन गर्दै उनले यस्तो निर्देशन दिएका हुन्। उनले विगत ३५ वर्षको हिसाबकिताब खोज्ने कार्यमा नलागि अगामी ३५ वर्षको कार्ययोजना ल्याउन समेत निर्देशन दिए। लामिछानेले विगतमा अन्य नेता र दललाई दोष दिएर आफूलाई अग्लो देखाउने अवस्था भए पनि अब त्यस्तो ठाउँ रास्वपासँग नरहेको समेत स्पष्ट पारे। उनले विगतको असफलता र कमजोरीलाई लिएर निरन्तर आलोचना गरिरहनुभन्दा आगामी पुस्ता र देशको भविष्यका लागि दीर्घकालीन योजना निर्माणमा केन्द्रित हुनुपर्नेमा जोड दिए।

उनले भने-'हिजो हामीले दोष लगाउने कयौँ मान्छेहरु थिए। कयौँ नेताहरू पनि थिए। जसलाई दोष लगाउँदा पनि हुन्थ्यो। दोषैदोषको चाङमा उभिएर आफूलाई अग्लो देखाउन हामी सक्थ्यौँ। आज कसलाई दोष देखाउने ? अब हामीले दोष देखाउने कुनै कुरा छैन। अब यो ३५ वर्षको हिसाबको कुरा गर्ने होइन साथी हो। ३५ वर्षको योजना ल्याउनुहोस्। अब वितेको ३५ वर्षको लागि उहाँहरू लाई कचकच गर्ने ठाउँमा हामी छैनौँ। जति सके गरे धन्यवाद। तर अबको ३५ वर्षमा कस्तो बनाउने हाम्रै हातमा छ नि।' उनले विगत ३५ वर्षमा पुराना राजनीतिक दलहरुले गरेका सकारातमक कामहरुप्रति धन्यवाद दिनुपर्ने बताए।

## देशको स्वाधीनतामा अभूतपूर्व संकटमा : प्रचण्ड



बुटवल। नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल प्रचण्डले देशको स्वाधीनतामा अभूतपूर्व संकट उत्पन्न भएको दाबी गरेका छन्। सुगौली सन्धिपछि यस्तो संकट नेपालले पहिलोपटक भोग्नुपरेको उनको विश्लेषण छ।

आज काठमाडौंमा आयोजित 'कम्युनिष्ट एकता सहकार्य र पुनर्गठन' विषयक अन्तरक्रियामा बोल्दै प्रचण्डले यस्तो विश्लेषण सुनाएका हुन्। उनले भने-'यो कुरा साँचो हो, अहिले देश साँच्चै संकटमा छ। सबैभन्दा ठूलो कुरो राष्ट्रिय स्वाधीनतामा अहिले जस्तो संकट देखापरेको छ, सायद सुगौली सन्धिपछि यति भयानक संकट नेपालले भोग्नु परेको थिएन। त्यस्तो संकटबाट गुज्रेको छ।'

उनले राष्ट्रिय स्वाधीनता र देशभक्तिपूर्ण आन्दोलन, राष्ट्रवादी आन्दोलन र कम्युनिष्ट आन्दोलनको बीचमा नङमासुको सम्बन्ध हुने बताए। प्रचण्डले थपे-'६ सालमा पार्टी गठन भएदेखि ७ साल वरिपरिदेखि आजसम्म आउँदा देशभक्तिपूर्ण आन्दोलनको नेताको रूपमा कम्युनिष्ट आन्दोलन र पार्टीले निरन्तर जनताको पक्षमा लडिराख्या छ। र, अहिले पनि राष्ट्रिय स्वाधीनताको रक्षाको निम्ति एकताको अर्को कुनै विकल्प छँदै छैन। हामीले अहंकार गरेर या कुनै खालको मनोगतवादी भ्रममा फेरि फस्ने गल्ती गर्नु हुँदैन।' दाहालले मुलुकको वर्तमान परिस्थिति असाधारण र चुनौतीपूर्ण रहेको बताए। देशमाथि वैदेशिक र प्रतिक्रियावादी शक्तिहरूको दबाब एवं हस्तक्षेप बढ्दै गएको दाबी गर्दै उनले वर्तमान अवस्थामा विचार मिल्ने शक्तिहरूबीचको एकता र सहकार्य अपरिहार्य भएको बताए।

## सुकुम्वासी समस्या ५ सय दिनभित्र समाधान : मन्त्री रावल

बुटवल। सामान्य प्रशासन तथा भूमिसुधार मन्त्री प्रतिभा रावलले देशैभरिको सुकुम्वासी समस्या ५ सय दिनभित्र समाधान गर्ने घोषणा गरेकी छन्। कञ्चनपुरमा स्थानीय सुकुम्वासी बस्तीका बासिन्दाहरूलाई सम्बोधन गर्दै उनले सरकार गठन भएको पहिलो दिनदेखि नै आफू यसै कार्यमा लागिपरेको बताइन्।

सम्बोधनका क्रममा मन्त्री रावलले नेताहरूलाई काम नगरी जनताले सम्मान गर्ने प्रवृत्तिको विरोध गरिन्। आफूलाई स्वागत गर्न तयार पारिएको अबिर र खादालाई अस्वीकार गर्दै काम गरेपछि मात्रै सम्मान थाप्ने बताइन्।

रावलले भनिन्-'तपाईँहरूको समस्या समाधान गरेर आएपछि मात्र म अबिर र खादा लगाउँछु। काम नगरी सम्मान लिनुको कुनै अर्थ छैन।' उनले आफ्नो पार्टी (राष्ट्रिय स्वतन्त्र पार्टी) वा अन्य कुनै पनि दलका नेतालाई काम पुरा नभई सम्मान गर्न हतार नगर्न आग्रह गरिन्। सुकुम्वासीमा रहेको विस्थापनको त्रासलाई सम्बोधन गर्दै मन्त्री रावलले कसैलाई पनि बिना विकल्प नउठाइने आश्वासन दिएकी छन्। 'डोजर लगाइदिने पो हुन् कि भन्ने त्रास नपाल्नुस्, कानूनसम्मत तरिकाले जसले लालपुर्जा पाउनुपर्ने हो, उहाँहरूले पाउनुहुन्छ,' उनले भनिन्-'केही जग्गाहरू नकारात्मक सूचीमा परेको भए पनि नीतिगत परिवर्तन गरेर भए पनि समाधान खोजिन्छ।'

मन्त्री रावलले सुकुम्वासी र सहकारी पीडितको समस्या सरकारको प्राथमिकतामा रहेको उल्लेख गर्दै ५०० दिनभित्र लालपुर्जा वितरणको काम सम्पन्न गर्ने लक्ष्य सुनाइन्। भूमिहीन सुकुम्वासी, भूमिहीन दलित र अव्यवस्थित बसोवासीहरूलाई प्रक्रिया पुऱ्याएर भूमिको मालिक बनाइने उनको दावी छ। 'विषय जटिल र संवेदनशील छ, कतिपय कानूनी अड्चनहरू पनि छन्,' उनले भनिन्-'तर हामी 'डे वान' देखि यसमा खटिएका छौं। यो विषयलाई कसैको 'चुनावी फण्डा' बन्न दिने छैनौं। सरकारले काम गरिरहेको छ, अबको केही समय धैर्य धारण गरिदिनुहोला।'

## चर्को करकाविरुद्ध देशभरि अभियान सञ्चालन हुँदै



बुटवल। उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङले सर्वसाधारण नागरिकको ढाड सेक्ने गरी सरकारले लगाएको करकाविरुद्ध देशभरि अभियान सञ्चालन गर्ने बताएका छन्।

आइतबार मन्थलीमा आयोजित हस्ताक्षर सङ्कलन अभियान तथा पत्रकार भेटघाट कार्यक्रममा बोल्दै अध्यक्ष घिसिङले सरकारको सो कार्यको विरुद्ध देशभर स्थानीय तहसम्म हस्ताक्षर अभियान सञ्चालन गरिने बताए। एक महिनासम्म हस्ताक्षर सङ्कलन गरेर सरकारलाई बुझाउने योजना रहेको घिसिङले सुनाए। 'उज्यालो नेपाल पार्टीले जनदबाब सिर्जना गर्न भदौ १ गतेबाट देशव्यापी रूपमा जनताको हस्ताक्षर सङ्कलन अभियान सुरू गरेका छौँ।'-उनले भने।

सरकारले विद्युत्मा भ्याट लगाउने, राइड सेयरिङमा कर लगाउने जस्ता काम गरेर सर्वसाधारण नागरिकलाई मारमा पारेको उनले बताए। विद्युत् महसुल घटाएर विद्युतको प्रयोग गर्न नागरिकलाई उत्प्रेरित गर्नुपर्ने बेलामा उल्टै कर लगाएर निरुत्साहित गरेको उनको धारणा छ। सरकारले ल्याएको यो नीति गलत भएको उनले बताए।

उठाउनु पर्ने बक्यौता रकम नउठाउने, उचित व्यवस्थापन गर्न नसकेर प्राधिकरणको नाफा घट्दै जाने तर सर्वसाधारण नागरिकलाई भार थोपर्ने काम अस्वीकार्य भएको भन्दै घिसिङले नागरिकलाई अति आवश्यक खाने पानी, सिँचाइ जस्ता कर लगाएर सरकारले जनविरोधी काम गरेको बताए।

विद्युत् प्राधिकरणले लोडसेडिङको बेला उद्योगहरूलाई दिएको लाइनको २३ करोडभन्दा बढी रकम उठाउनेतर्फ सरकारको ध्यान नगएको भन्दै घिसिङले आलोचना गरे। आफूले उठाउन सुरु गरिसकेको विद्युत् महसुल उठाउने कुरामा समेत सरकारको ध्यान नगएको घिसिङले बताए। विद्युत् खपत बढाएर देशलाई आत्मनिर्भर बनाउने विद्युत् महसुलमा छुट दिनु पर्ने उनले बताए। यसले ग्यास र तेललाई विस्थापित गर्ने र देशको अर्थतन्त्र सुधारमा सहयोग पुग्ने उनको धारणा छ।

२८ लाखमा पाइने ट्याक्सी किन्न चालकले ५२ लाख तिर्नुपर्ने भन्दै उनले आलोचना गरे। उनले यस्तो बेथिति अन्त्य गर्न सरकारसँग माग गरे। साधारण जनताले चढ्ने राइड सेयरिङमा समेत कर लगाइएको छ। 'सर्वसाधारणले तल्लोस्तरमा उपभोग गर्ने चिजमा जुन किसिमले करको नीति ल्याएको छ, त्यसलाई हटाउनु पर्छ भनेर हामी विरोधमा उत्रिएका छौँ।'-घिसिङले भने। सरकारले आफूहरूको माग सुनुवाइ गर्नुपर्ने बताउँदै उनले यो सुनेन भने यो सरकारलाई दुईतिहाइको सरकार भन्न नमिल्ने बताए। यदि सरकारले सुनुवाइ गरेन भने कसरी अघि बढ्ने भनेर निर्णय गरिने उनले स्पष्ट पारे।




दैनिक लुम्बिनी

## सम्पादकीय

# जापानी इन्सेफलाइटिसको प्रकोप

जापानी इन्सेफलाइटिस (जेई)को संक्रमण बढ्न थालेकोले सजगताको खाँचो छ । यसको संक्रमणबाट मृत्यु हुनेको संख्या बढ्न थालेकाले नियन्त्रणको लागि सरकारको पहलकदमी जति आवश्यक छ, नागरिक पनि सजग हुँदा संक्रमण न्यूनीकरण हुनसक्छ ।

जेई मस्तिष्कमा हुने भाइरल संक्रमण हो । संक्रमितमध्ये करिब एक तिहाइको मृत्यु हुन्छ भने बाँच्नेहरूमध्ये आधासम्ममा गम्भीर तथा जीवनभर रहने अपांगता हुन सक्ने विश्व स्वास्थ्य संगठनले जनाएको छ । नेपाल अहिले जेई प्रकोपको संक्रमण उच्च भएकाले नियन्त्रणको दबाबमा छ । पछिल्लो छ सातामा कम्तीमा २१ जनाको मृत्यु भएको छ भने ५९ जना संक्रमित भएका छन् । झापा जिल्लामा १० जनामा संक्रमण पुष्टि भएकामा छ जनाको मृत्यु भएको छ । यो भनेको ६० प्रतिशत मृत्युदर हो, जुन देशभरिमै सबैभन्दा उच्च हो । सरकारले जेई संक्रमणबाट भइरहेको मृत्यु रोक्न खोप अभियान चलाउने योजना बनाएको छ । खोप व्यवस्थापन गरी लगाउञ्जेल ठूलो क्षति हुने देखिंदैछ, सरकारले गर्नुपर्ने काम छिटो गर्नुपर्नेछ । सर्वसाधारण पनि लामखुट्टेको टोकाईबाट जोगिनुपर्छ, शरीर ढाकिने गरी कपडा लगाउने, झुल लगाएर सुत्ने, लामखुट्टेले टोक्नबाट रोक्न विभिन्न क्रिमहरु लगाउने गर्दा बच्न सकिन्छ । नागरिकको हेलचक्र्याँई हुँदा सरकारको प्रयासले मात्रै संक्रमण न्यूनीकरण गर्न संभव छैन ।

छिट्टै सबैभन्दा बढी प्रभावित क्षेत्रमा खोप अभियान सञ्चालन गर्ने तयारी थालिएको छ । अधिकारीहरूका अनुसार बालबालिकाका लागि खरिद गरिएको खोप पहिलो चरणमा मृत्युदर उच्च भएको झापाका ३० वर्षभन्दा माथिका व्यक्तिलाई लगाइने निर्णय भएको छ । जोखिममा रहेको सम्पूर्ण जनसंख्यालाई खोप लगाउने स्रोत र योजना सरकारसँग नहुँदाको अन्यौल छँदैछ, यो अन्योललाई चिर्न सक्दा मात्रै जेईविरुद्धको लडाइ जित्न सकिन्छ । हाल सातवटै प्रदेशमा जेई संक्रमण देखिएकोले फोकस क्षेत्र मात्रै तोकेर हुन्न ।

स्वास्थ्य अधिकारीहरूका अनुसार २४ महिनाभन्दा कम उमेरका बालबालिकालाई नियमित खोप लगाउन खरिद गरिएको जेई खोप अभियानमा प्रयोग गरिनेछ र थप मात्रा खरिद भएपछि त्यसको शोधभर्ना गरिनेछ । चीनसँग सरकार-सरकार (जीटुजी) सम्झौतामार्फत् खोप खरिद गर्न सकिने सम्भावनाको खोजी हुँदैछ । संक्रमण छिटो फैलिएकोले व्यवस्थापनमा चुस्तताको खोजी भएको छ । जेई संक्रमण र मृत्यु उच्च रहेका ९ जिल्लाका लागि ३५ लाख मात्रा जेई खोप खरिद गर्ने सरकारी योजना छ । गत वर्ष जेईबाट ४१ जनाको मृत्यु भएको थियो भने १४१ जना संक्रमित भएका थिए । संक्रमण ४५ जिल्लाका ११७ भन्दा बढी स्थानीय तहमा फैलिएको थियो । त्यतिबेला मृत्युदर करिब २३ प्रतिशत थियो । सन् २०२४ मा काठमाडौं उपत्यकाका एक जनासहित २३ जनाको जेईबाट मृत्यु भएको थियो भने कम्तीमा ८० जना संक्रमित भएका थिए । विगतको यो तथ्याङ्क हेरेर सरकारले पूर्व तयारी गर्नुपर्दथ्यो, तर पूर्वतयारी फितलो देखियो । महामारी देखिएपछि मात्रै खोपको खोजी हुनु विडम्बना हो । पछिल्ला वर्ष स्वास्थ्य पूर्वाधार र सेवामा उल्लेख्य सुधार भएको छ, यसका बाबजुद अहिले संक्रमण र मृत्यु बढेकाले त्यसअनुसार सरकारले जेईविरुद्ध योजनाबद्ध अभियान चलाउनुपर्छ ।

# सत्ताबिनाको सरकार



श्यामप्रसाद मैनाली

**प्रारम्भ :**

लोकतान्त्रिक सरकारकै कारण पनि सरकारले सत्ता प्राप्त गर्न सक्दैन । यसको परिणाम हो, देशमा धेरै प्रकारका अस्तव्यस्तताहरु सिर्जना हुन्छन् । सरकारसँग अधिकार रहन्छ । राज्यका कानुनी अधिकारहरू जननिर्वाचित सरकारले प्राप्त गरेको हुन्छ । तर, सत्ता प्राप्त गर्ने सन्दर्भ केही पृथक हुन्छ । निर्वाचनबाट सरकारमा पुग्दैमा सत्ताको प्रभावकारी उपयोग जनताको पक्षमा गर्न लोकतान्त्रिक सरकार असफल भएका उदाहरणहरू पनि थुप्रै पाइएका छन् ।

निर्वाचनबाट सरकारमा पुग्दैमा सत्ता प्राप्ति हुँदैन । सत्ता राज्य सञ्चालन गर्ने वास्तविक क्षमता हो । संविधानले दिएको अधिकार, कानुनको शासन, स्वतन्त्र प्रशासन, प्रभावकारी न्यायपालिका, अनुशासित सुरक्षा निकाय, आर्थिक स्रोत, जनविश्वास तथा राजनीतिक वैधताको संयुक्त स्वरूप नै सत्ता हो । यही कारणले विश्वका धेरै मुलुकमा निर्वाचित सरकार बने पनि उनीहरूले प्रभावकारी रूपमा शासन गर्न सकेका छैनन् । उनीहरूसँग सरकार थियो, तर वास्तविक सत्ता थिएन ।

कतिपय अवस्थामा सत्ता सेना, न्यायपालिका, दलभित्रका शक्तिशाली समूह, आर्थिक माफिया, विदेशी प्रभाव वा अदृश्य शक्ति-केन्द्रहरूबाट प्रभावित हुँदै परिचालित भएको देखिन्छ । सरकार र सत्ताको आधारभूत भिन्नता सरकार समयअनुसार बदलिन्छ । चुनावपछि नयाँ सरकार आउँछ, मन्त्रीहरू फेरिन्छन्, प्रधानमन्त्री बदलिन्छन् । तर राज्यका स्थायी संस्था, संवैधानिक व्यवस्था र शासन सञ्चालनका आधारहरू निरन्तर रहन्छन् । सरकार एउटा चालक हो भने सत्ता गाडी चलाउने सम्पूर्ण संयन्त्र हो । चालकसँग स्टेरिङ मात्र भएर इन्जिन, ब्रेक र इन्धन अरू कसैको नियन्त्रणमा भए गाडी अगाडि बढ्न सक्दैन । त्यस्तै, सरकारसँग पद त हुन्छ, तर निर्णय कार्यान्वयन गर्ने शक्ति नभए सरकार नाममात्रको हुन्छात्यसैले लोकतन्त्रमा सरकारभन्दा पनि शासन प्रणाली बलियो हुनु आवश्यक हुन्छ ।

**सत्ता बिनाको सरकार भनेको के हो ?**

सत्ताबिनाको सरकार भन्नाले कानुनी रूपमा सरकार बनेको भए पनि आफ्ना निर्णयहरू स्वतन्त्र रूपमा कार्यान्वयन गर्न नसक्ने अवस्था बुझिन्छ । यस्तो अवस्थामा सरकारले निर्वाचनको समयमा जनता समक्ष वाचाबन्धन गरिएका अथवा आफ्नो घोषणापत्रमा उल्लेख गरेका नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्न अघि बढ्छ, निर्णय लिन्छ, योजना बनाउँछ, रणनीतिहरु तय गर्छ । तर लोकतान्त्रिक स्थायी संयन्त्रले यसलाई स्वामित्व ग्रहण गर्दैन । कार्यान्वयनमा जाँदैन । कतिपय सरकारका निर्णयहरू संवैधानिक कशीमा र कानुनी प्रावधान विपरीत व्याख्या हुँदै अदालतबाट अमान्य गरिदिन्छन् । सरकारको केही गर्ने हुटहुटीमा पूर्णविराम लाग्दछ । जुन सरकारबाट प्रतिनिधित्व गर्दै सरकारमा पुगेको हुन्छ । उक्त दलले पनि सरकारलाई नियन्त्रण गरिराखेको हुन्छ । त्यस प्रकारको नियन्त्रण सधैँ उपयुक्त नहुन सक्छ । जनताको हितमा नजान सक्छ । यस परिस्थितिमा जननिर्वाचित सरकार अप्ठ्यारोमा पर्न सक्छ । आफ्नै दलभित्रको आन्तरिक गतिशीलता र अन्य दलहरूका बीचको समर्थन र विरोधका कारणले पनि सरकारलाई काम कारबाही अघिबढाउन सहज हुँदैन । विभिन्न प्रकारका सम्बन्धित पक्षहरू सरकारलाई घेराबन्दीमा राख्ने माफिया समूह, विभिन्न प्रकारका स्वार्थलोलुप झुण्डहरूले सरकारलाई चौतर्फी घेराबन्दी गरिराखेका हुन्छन् । सुरक्षा संयन्त्र संवैधानिक निकायहरू, व्यवस्थापिका संसद आदिले पनि सरकारको असल कार्यहरूमा समर्थन नगरिदिँदा पनि सरकारले आफूसँग सत्तारहेको अनुभूति गर्न सक्दैन । यस परिस्थितिमा सरकार अथवा प्रधानमन्त्री मन्त्रीहरू पदासीन हुन्छन् तर शासन सञ्चालन प्रभावकारी रुपमा गर्न सक्दैनन् ।

**केही देशका प्रतिनिधि उदाहरणहरू :**

सत्ताबिनाको सरकारको सबैभन्दा चर्चित उदाहरण पाकिस्तान हो । पाकिस्तानमा धेरै प्रधानमन्त्री निर्वाचित भए, तर लामो समयसम्म त्यहाँ वास्तविक शक्ति सेनासँग रहेको विश्लेषण गरिन्छ । प्रधानमन्त्रीहरूले विदेश नीति, भारतसँग सम्बन्ध, राष्ट्रिय सुरक्षा तथा रक्षा नीतिमा स्वतन्त्र निर्णय गर्न सकेनन् । धेरै प्रधानमन्त्रीहरूले कार्यकाल पूरा गर्न पाएनन् । निर्वाचन भयो, सरकार बन्यो, तर सत्ता सैन्य प्रतिष्ठानको प्रभावबाट पूर्णरूपमा स्वतन्त्र हुन सकेन । यसले पाकिस्तानको लोकतन्त्रलाई कमजोर बनायो । थाइल्याण्डमा पटक-पटक जननिर्वाचित सरकार बने । तर राजनीतिक अस्थिरता बढेपछि सेनाले बारम्बार 'कू' गरेर सत्ता हातमा लियो । यसले पटकपटक प्रमाणित गरिदिएको छ कि निर्वाचनले सरकार त बनाउँछ, तर यदि राज्यका स्थायी संस्थाहरू लोकतान्त्रिक संस्कृतिप्रति प्रतिबद्ध छैनन् भने निर्वाचित सरकारसँग वास्तविक सत्ता रहँदैन ।

सरकार कमजोर हुँदा पनि राज्य सत्ता सबल रहन्छ भन्ने उदाहरण इटालीबाट सिक्न सकिन्छ । दोस्रो विश्वयुद्धपछि इटालीमा सरकारहरू अत्यधिक परिवर्तन भए । धेरै प्रधानमन्त्री केही महिनामै हटे । तर, त्यहाँको प्रशासन, न्यायपालिका तथा संवैधानिक संस्थाहरू बलिया भएकाले सरकार परिवर्तन हुँदा पनि शासन प्रणाली ध्वस्त भएन । लोकतान्त्रिक संस्थाहरू सुदृढ हुँदा यो अवस्था इटालीमा बन्न पुगेको हो ।

जापानमा प्रधानमन्त्रीहरू धेरै पटक फेरिएका छन्, तर प्रशासनिक संयन्त्र अत्यन्त सक्षम भएकाले सरकारी परिवर्तनले विकासमा ठूलो असर पारेन । त्यहाँ सत्ता कुनै व्यक्तिमा होइन, संस्थामा निहित छ । यसैले सरकार बदलिँदा पनि शासन निरन्तर चलिरहन्छ । बेलायतमा प्रधानमन्त्री अत्यन्त शक्तिशाली देखिए पनि उनी संसद, न्यायपालिका, कानुन र परम्परागत संवैधानिक अभ्यासबाट बाँधिएका हुन्छन् । त्यहाँ प्रधानमन्त्रीले चाहेर पनि संविधानविपरीत शासन गर्न सक्दैनन् ।

त्यसैले सत्ता व्यक्तिमा होइन, संस्थागत शासन प्रणालीमा रहेको मानिन्छ । तसर्थ, सम्पूर्ण लोकतान्त्रिक संस्थाहरू सफल हुँदा, सुदृढ हुँदा मात्र लोकतन्त्रको भविष्य उज्ज्वल रहन्छ सरकारले सहजै सत्ता परिचालन गर्न सक्दछ ।

**नेपाली सन्दर्भ :**

नेपालमा वर्तमान सरकार गणितीय हिसाबले अत्यन्त शक्तिशाली छ । यो सरकारसँग सत्ता परिचालन गर्ने क्षमता अत्यन्त बढी हुनुपर्ने हो । तर, सरकारका हालसम्मका क्रियाकलापहरूलाई नजिकबाट विश्लेषण गर्दा अवस्था विपरीत देखिँदैछ । विगतमा दुईवटा ठूला दलहरूको संयुक्त सरकार बनेको थियो । यो सरकार धेरै शक्तिशाली हुनुपर्ने हो । जनताले यस्ता अति शक्ति सम्पन्न सरकारबाट धेरै कुराको अपेक्षा गर्ने परिस्थिति बन्न सक्नु पर्दथ्यो । तर, जनतामा देखिएको व्यापक असन्तुष्टिका कारण र त्यसको प्रत्यक्ष प्रभाव सत्ताका अभयवहरूमा पर्दा अकल्पनीय तवरले सरकार पतन भयो । वर्तमान बालेन नेतृत्वको सरकार जनताको बलबाट स्थापित हुनपुगेको हो । दुई तिहाई बहुमतबाट बनेको सरकारलाई शक्ति सम्पन्न मान्नुपर्दछ । तर सरकार सञ्चालन गर्ने पात्रहरूमा धेरै प्रकारका कमी-कमजोरीहरु देखिँदै गएका छन् । यसले गर्दा वर्तमान सरकार पनि अल्प अवधिमै जनताका नजरमा आलोचित बन्दैछ ।

**यो अवस्था सरकारले किन सामना गर्नु परिरहेको छ ? यसका बारेमा विश्लेषण गरौं ।**

सर्वप्रथम त सरकारले स्थायी संयन्त्र विशेषगरी निजामती संयन्त्रलाई नै आफ्नो विश्वासमा लिएर परिचालित गर्नसकेको देखिएन । हरेक प्रत्येक सरकारका निर्णयहरु र व्यवहारले निजामती संयन्त्रका जिम्मेवार राष्ट्रसेवकहरूको तेजोवध हुँदैगएको छ । संयन्त्रको नेतृत्व कनिष्ठ व्यक्तिलाई दिइन्छ । प्रधानमन्त्रीलाई सन्देश पठाएको अपराधमा बहालवाला सचिव प्रहरीको हिरासतमा पुग्छन् । प्रक्रियागत पक्षलाई बेवास्ता गर्दै कानुनी प्रावधानविपरीत आदेशहरू निःसृत हुँदा कर्तव्यनिष्ठ कर्मचारीहरू त्यसलाई कार्यान्वयन गर्न सक्दैनन् । सरकार र व्यक्तिका बिच निजामती सेवामा प्रवेश गर्दा भएका सम्झौतालाई कर्मचारीले प्राप्त गर्ने सेवा सुविधामा प्रत्यक्ष असर पर्ने गरी ऐन संशोधन प्रक्रिया अघि बढाइन्छ । समग्र कर्मचारीतन्त्रलाई नै सरकारको व्यवहार हेर्दा अनावश्यक एवं राज्यलाई थप भारका रुपमा सरकारले ग्रहण गरेको स्पष्ट सन्देश कर्मचारीहरुले पाउँछन् । संगठनहरूका जनशक्ति कटौती गर्दै सानो आकारमा ल्याइने उद्घोष सिधैँ सरकारबाट हुन्छ । यसका प्रशासनिक मूल्य र मान्यताहरू सबै लोकतान्त्रिक मुलुकहरुले अवलम्बन गर्दछन् । यसको खासै महत्व नेपालमा भने सरकारले दिन चाहेको छैन ।

यस्तै, महत्वपूर्ण कामका लागि त्यसका कार्यकारी प्रमुखसँग नेतृत्व तहमा रहेका कर्मचारीहरूले भेट पाउँदैनन् । प्रधानमन्त्रीसँग गर्ने काम-कारबाही ब्रिफिङ र निर्देशन कानुनले नचिनेका व्यक्तिसँग लिनुपर्ने अवस्था छ । आफैँसँग काम गरेका मुख्यसचिवलाई हालसम्मको परम्पराअनुसार प्रधानमन्त्री स्वयंले विदाई गरेर पठाउनुपर्ने चलनविपरीत सामान्य एक व्यक्तिले उनलाई विदाई गरेर पठाउने गरिएको छ । निजामती संयन्त्रसँग नतिजा सरकारले खोजेको छ । त्यसको लागि यो स्थायी संयन्त्र आफ्नै संयन्त्र हो । त्यसैले यसलाई सहजीकरण गरिदिनुपर्छ र यसका क्रियाकलापहरूको स्वामित्व ग्रहण पनि सरकारले गर्नुपर्छ भन्ने पाटोलाई विस्मरण गरिएको छ । परिणामस्वरूप समग्र निजामती संयन्त्र बिस्तारै रक्षात्मक बन्दैगएको छ ।

सुरक्षा संयन्त्र विशेषगरी नेपाल प्रहरी सरकारी रवैयासँग आजित हुँदैगएको छ । संगठन प्रमुखले आवश्यकता कामका लागि सरकारमा रहेका उच्चपदस्थ हरूसँग भेट पाउँदैनन् । निर्णय लिँदा आदेश जारी गर्दा समग्र संगठनमा के-कस्तो प्रभाव पर्छ ? त्यसको आकलन गरिँदैन । शीघ्र नतिजा खोज्ने नाममा केही राजनीतिक व्यक्तिहरू र केही कर्मचारीहरुलाई कारबाही प्रक्रिया अघिबढ्छ । शीघ्र धरपकड गर्ने, प्रहरी हिरासतमा राख्ने मुद्दा चलाउने गरिँदा अनुसन्धानका विभिन्न चरणहरूमा प्रवेश गर्न पर्याप्त समय अनुसन्धान अधिकारीहरुले प्राप्त गर्दैनन् । यसको प्रत्यक्ष प्रभाव मुद्दा चलाइएका केसहरुमा अदालतले समर्थन गर्न सक्दैन । थप हिरासतमा राख्न अदालतको अनुमति प्राप्त गर्नका लागि पेश हुँदा अदालतले असहज महसुस गर्छ । किनकि, त्यहाँ प्रहरी हिरासतमै राखेर थप अनुसन्धान गर्नुपर्ने सम्मका अवस्थालाई प्रमाणित गर्ने गरी दस्ताबेजहरू पेश गर्न र दलिल गर्न सरकारी पक्ष कमजोर बन्दछ । हालै मुद्दा चलाइएका केही घटनाहरुले यसलाई पुष्टि गरेको छ । नेपालमा संवैधानिक सर्वोच्चता कायम छ । यस अवस्थामा न्यायिक क्रियाशीलता देखिन्छ, जरुरी पनि हुन्छ । यसतर्फ सरकारको ध्यान पुगेको देखिएन ।

संवैधानिक निकायहरू सरकारका मातहतमा रहँदैनन् । यस्ता निकायहरुले संवैधानिक प्रावधानअनुसार नै स्वतन्त्र रुपले कार्य गर्न सक्दछन् । आवश्यकताअनुसार यी संस्थाहरूले आफ्नो कार्यक्षेत्रभित्र सीमितरही सरकारी काम-कारबाहीहरुलाई पनि नियन्त्रण गर्न सक्दछन् । तर, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त लगायत सबै आयुक्तहरुलाई प्रधानमन्त्री कार्यालयमा आमन्त्रण गरी उनीहरूलाई दिएको दबाबका आधारमा पेशभएको मुद्दामा अभियुक्तले सफाई पाउने सम्भावना बढेको छ । सरकारको क्रियाकलापको चौतर्फी आलोचना मात्र भइराखेको छ । लोकसेवा आयोगले गर्ने विज्ञापनमा प्रधानमन्त्री कार्यालयको स्वीकृतिले मात्र अघिबढ्न सक्ने निर्देशन प्रधानमन्त्रीबाट आउनु पनि संविधान प्रतिकूल हो । किनकि, यही विषयलाई यदि कर्मचारीहरूको थप आपूर्ति आवश्यक नभएको हो भने माग नपठाउन सकिन्छ । संगठन र व्यवस्थापन अध्ययन पश्चात दरबन्दीलाई उपयुक्त आकार दिन सकिन्छ । यो कदम संविधान अनुकूल हुन्छ । तर सिधैँ प्रधानमन्त्री कार्यालयले लोकसेवा आयोगलाई निर्देशनगर्न सक्ने र लोकसेवा आयोगले प्रधानमन्त्री कार्यालयको स्वीकृति माग्ने सन्दर्भ अत्यन्त आलोचित र गैर संवैधानिक हुन्छ ।

सरकारले शासन गर्ने कला र शैलीमा पनि सत्ता परिचालन गर्न सक्ने वा नसक्ने सन्दर्भहरू निर्भर गर्दछन् । सबै क्षेत्रकालाई सरकारको आलोचना गर्ने टिकाटिप्पणी गर्ने वर्गका रुपमा परिणत गराउन सरकार व्यस्त देखिन्छ । लोकतान्त्रिक मूल्य-मान्यताविपरीत संगठन गर्ने अधिकारहरु खोसी दिएकाले युवा विद्यार्थीहरु सरकारसँग सन्तुष्ट छैनन् । विद्यार्थी संगठनहरू खारेज भएका छन् । ट्रेड युनियन अधिकारमा पनि संकुचन आएको छ । भ्रष्टाचार नियन्त्रण गर्ने मुख्य एजेन्डासहित विजयी हुनपुगेको वर्तमान सरकारले अवैध सम्पत्ति जफत गरी कारबाही गर्ने प्रयोजनका लागि सम्पत्ति जाँचबुझ आयोग गठन गरेको छ, तर यो आयोग गठन प्रक्रिया नै गैरसंवैधानिक हुने स्थिति देखिन्छ । सर्वोच्च अदालतका पटक-पटकका अन्तरिम आदेशहरुले यही संकेत गरेको छ ।

न्यायालयबाट सरकारलाई सहज हुने प्रकारले फैसलाहरू नआउँदा सरकार न्यायपालिकाप्रति पनि आक्रामक बन्दैछ । यसबाट स्वतन्त्र न्यायपालिकाले आफ्नो मोर्चाबन्दी गर्ने परिस्थिति तयार हुन्छ । हालै साम्प्रदायिक सद्भाव बिथोलिने प्रकृतिको घटनाहरू पूर्वी तराईतर्फ घटिराखेका छन् । यसको यथा समयमा उपचार हुनु जरुरी हुन्छ । यसका लागि सरकार प्रमुख आफैँले क्रियाशीलता दिनु जरुरी हुन्छ । दलका प्रमुखले आयोजना गरेको सर्वदलीय बैठकमा सरकारप्रमुख र शान्तिसुरक्षाको जिम्मेवारी लिएर बसेका गृहमन्त्री नै अनुपस्थित भएका छन् । यसले सरकारको शासन गर्ने शैली नै आलोचित भइरहेको छ । उद्योगी व्यापारीहरू पनि उचित सम्बोधन सरकारबाट हुन नसकेको गुनासाहरु गरिराखेका छन् । यसरी सत्तासँग प्रत्यक्ष सम्बन्ध रहेका र अप्रत्यक्ष रुपमा प्रभाव पार्न सक्नेहरू सबैलाई सरकार भन्दा पृथकराखेर शासन सञ्चालन लोकतन्त्रमा गर्न सकिँदैन ।

अन्तर्राष्ट्रिय सम्बन्ध भूराजनीति पनि सत्तालाई प्रभावकारी परिचालन गर्नको लागि आफ्नो पक्षमा राख्न सरकार सफल हुनु पर्दछ । पार्टी सभापतिले भारत भ्रमण गर्दा त्यसमा सरकारले कुनै चासो नदिएको अभिव्यक्ति सरकारका प्रवक्ताबाट आउनु, लामो समयसम्म सरकार प्रमुखले छिमेकी देशहरूको भ्रमण नगर्नु जस्ता राजनीतिक शैलीले अन्तर्राष्ट्रिय स्तरमा सरकारको छवि धमिलिन पुगेको छ । यसलाई यथा समयमा सुधार गर्नु अत्यावश्यक छ ।

**निष्कर्ष :**

बहुमत सिद्ध हुँदा सरकारले जनताबाट बैधता प्राप्त गर्दछ । तर, प्रभावकारी शासन गर्न आवश्यक वास्तविक सत्ता भने संस्थागत सहयोग, प्रशासनिक क्षमता, कानुनी कार्यान्वयन र सार्वजनिक विश्वासबाट निर्धारण हुन्छ । यही कारणले इतिहासमा धेरै शक्तिशाली बहुमतका सरकारहरू पनि व्यवहारमा अपेक्षाकृत कमजोर देखिएका छन् ।

नेपालमा सरकार कमजोर देखिनु केवल कुनै एक प्रधानमन्त्री, मन्त्री वा दलको कारण मात्र होइन । यो राजनीतिक स्थिरता, संस्थागत क्षमता, प्रशासनिक व्यावसायिकता, कानुनको शासन, सार्वजनिक उत्तरदायित्व र लोकतान्त्रिक संस्कृतिसँग जोडिएको बहुआयामिक विषय हो । दीर्घकालीन समाधानका लागि व्यक्तिलाई भन्दा संस्थालाई बलियो बनाउने, प्रशासनलाई व्यावसायिक र निष्पक्ष बनाउने, कानुनको समान कार्यान्वयन सुनिश्चित गर्ने तथा लोकतान्त्रिक संस्थाहरूको स्वतन्त्रता र जवाफदेहिता सुदृढ गर्ने दिशामा निरन्तर सुधार आवश्यक हुन्छ । नेपालमा वर्तमान समयमा यी सबै पक्षहरूमा पर्याप्त ध्यान पुगिसकेको छैन । यसकारण जनताले अपार माया गरेर निर्वाचित गरेर पठाएको सरकार निस्प्रभावी हुने चिन्ता बढ्दै गएको छ ।

समाचारपत्रबाट

## टिप्स / जानकारी

# किन देखिन्छ पिसाबमा रगत ?

तपाईं-हामीमध्ये कतिपयको पिसाबमा कुनै समय रगत देखिन सक्छ । जसलाई मेडिकल भाषामा 'हेमाच्युरिया' भनिन्छ ।

पिसाबमा विभिन्न कारणले रगत आउन सक्छ । अत्यधिक परिश्रमयुक्त काम गरेमा, पिसाबमा संक्रमण भएमा, मिर्गौला वा मूत्रनलीमा पत्थरी भएमा, तथा मूत्रथैलीमा ट्यूमर/मासु पलाएमा पिसाबमा रगत देखिन सक्ने प्रमुख कन्सल्टेन्ट युरोसर्जन डा. रविनबहादुर बस्नेत बताउँछन् ।

उनका अनुसार कतिपय अवस्थामा दुखाइ नभईकन पनि पिसाबमा रगत देखिन्छ । यसलाई चिकित्सकीय भाषामा 'पेनलेस हेमाच्युरिया' भनिन्छ ।

**पिसाबमा रगत देखिनुका कारणहरू**

**१. सामान्य तथा उमेरगत कारणहरू**

**मूत्रमार्गको संक्रमणः**

ब्याक्टेरियाको संक्रमणका कारण पिसाबनली वा थैली सुन्निँदा रगत आउन सक्छ । यो विशेषगरी महिलाहरूमा बढी देखिन्छ ।

**प्रोस्टेट ग्रन्थि बढ्नुः**

उमेर ढल्किँदै गएका पुरुषहरूमा प्रोस्टेट ग्रन्थि बढ्दा पिसाब मार्गमा दबाब परी रगत देखिन सक्छ ।

**अत्यधिक व्यायामः**

कडा वा भारी शारीरिक व्यायामका कारण पनि कहिलेकाहीँ अस्थायी रूपमा पिसाबमा रगत आउन सक्छ ।

**२. मिर्गौला र पत्थरीसम्बन्धी समस्या**

**पत्थरीः**

मिर्गौला, पिसाबको नली वा पिसाबथैलीमा पत्थरी हुँदा त्यसको घर्षणले गर्दा पिसाबमा रगत देखिन्छ । यसमा अक्सर कम्मर वा तल्लो पेट दुख्ने गर्छ ।



**मिर्गौलाका रोगहरूः**

मिर्गौला सुन्निने रोग वा संक्रमणका कारण पिसाबबाट रगत चुहिन सक्छ ।

**३. गम्भीर तथा जटिल कारणहरू**

**ट्युमर वा क्यान्सरः**

४० वर्षभन्दा बढी उमेरका व्यक्तिहरूमा दुखाइबिना नै पिसाबमा रगत देखियो भने त्यो मिर्गौला, पिसाबथैली वा प्रोस्टेटको क्यान्सरको संकेत हुन सक्छ ।

**चोटपटकः**

दुर्घटना वा कडा प्रहारका कारण मिर्गौला वा मूत्रप्रणालीमा चोट लाग्दा रगत आउन सक्छ ।

**औषधिको प्रभावः**

**रगत पातलो गर्ने औषधि**हरू (जस्तैः एस्पिरिन) सेवन गरिरहेका बिरामीहरूमा पनि यो समस्या देखिन सक्छ ।

**पिसाबमा रगत देखिनु कुनै ठूलो रोगको संकेत हो ?**

पिसाबमा रगत देखिँदैमा ठूलै वा गम्भीर रोग भइसकेको हुन्छ भन्ने छैन । जस्तैः कहिलेकाहीँ महिलाहरूमा महिनावारी भएको बेला वा पाठेघरबाट रगत बगिरहेको अवस्थामा पनि पिसाबमा रगत मिसिएको हुन सक्छ ।

त्यसैले तुरुन्तै आत्तिनुपर्दैन । तर पिसाबमा रगतसँगै रगतका साना-साना चोक्टा जाने वा दुखाइ हुने जस्ता समस्या छन् भने ढिला नगरी तुरुन्त चिकित्सकलाई देखाइहाल्नुपर्छ ।



**मुस्ताङको स्याउ :**
मुस्ताङमा स्याउ टिप्न सुरु भएको छ। हाईब्रिड किङ रट जातको स्याउ भदौ १५ र स्थानीय जातका स्याउ भदौ २५ गतेबाट टिप्न पाइने निर्णय जिल्लास्तरीय समन्वय बैठकले गरेको छ। तस्विर : विवेक तुलाचन।

# ‘ध्वनि प्रदूषणले श्रवण क्षमता कमजोर हुन्छ’



बाँके । लामो समयसम्म मोबाइलमा गरिने कुराकानीले ध्वनि प्रदूषण हुँदा श्रवण क्षमता कमजोर हुने गरेको पाइएको छ। अहिले दैनिक करिब १५० देखि २०० हाराहारीमा भेरी अस्पतालमा विभिन्न प्रकारका कानको समस्या लिएर बिरामी आउन थालेको भेरी अस्पताल, नेपालगञ्जका नाक, कान, घाँटी एवं टाउको रोगका विभागीय प्रमुख दिनेशकुमार चौधरीले जानकारी दिए।

उनका अनुसार मोबाइलमा लामो समय कुरा हुँदा त्यसको असर कानको जालीमा पर्ने भएकाले श्रवण शक्ति कमजोर हुनुका साथै कान पाक्नेलगायत समस्या देखिन्छ। डा. चौधरीले भने-“लामो समय कुरा गर्नका लागि मोबाइललाई कानभन्दा टाढा राखेर गर्नुपर्छ, नत्र त्यसले ठूलो समस्या निम्त्याउन सक्छ।”

डा.चौधरीले गर्मी मौसममा चिसो पेय पदार्थको अधिक प्रयोगले पनि कान, नाक घाँटीको नली अवरोध गर्ने बताए। उनका अनुसार पछिल्लो समय नाक, कान र घाँटीमा एलर्जीका ठूला समस्या भएका बिरामी उपचारका लागि आइरहेका छन् । उनले चिसोको अधिक प्रयोग नगर्न सुझाव दिए।

“जुन बिरामीको रोग प्रतिरोधात्मक क्षमता कमजोर हुन्छ, त्यही बिरामीलाई चिसोले बढी सताउँछ र त्यस्तो बिरामीले हाछिउँ गर्दा नाक र कानलाई दबाब पर्छ, त्यसले पनि नाक, कान रोगका बिरामी बढ्न सक्छन् ।”- उनले भने । डा. चौधरीले सामाजिक तथा आर्थिक रूपले पछाडि पारिएका समुदाय सबैभन्दा बढी प्रभावित हुने उल्लेख गरे । नाक र कानका लागि वातावरणीय प्रदूषणसँगै चिसो पेय पदार्थको सेवनले देखिने एलर्जीका बिरामी पनि अस्पतालमा आउने गरेको उनले बताए।

त्यस्तैगरी लामो समयदेखि कान दुख्ने, पाक्ने, कानमा फोहर जम्नेलगायत समस्या भएका बिरामीका लागि बाँकेको खजुरा गाउँपालिकामा सञ्चालन गरिएको निःशुल्क कान स्वास्थ्य शिविर उपयोगी देखिएको छ । उपचारका लागि अस्पताल पुग्न नसकेका विपन्न समुदायका स्थानीयका लागि खजुरा गाउँपालिकाको शानिबार आयोजनामा सञ्चालन गरिएको शिविरमा गाउँका विभिन्न क्षेत्रबाट आएका ५३२ जनाको कान परीक्षण गरिएको छ।

परीक्षणका क्रममा ७५ जनामा कान पाक्ने, ६१ जनामा कानेगुजी जम्ने, ३३ जनामा कानमा ढुसी देखिने र १८ जनामा कानमा मेसिन लगाउने समस्या पाइएको स्वास्थ्यकर्मी भीषण थारुले जानकारी दिए । उनका अनुसार थप उपचार तथा शल्यक्रियाको आवश्यकता देखिएका २८ जनालाई उपचारका लागि अस्पतालमा पठाइएको स्वास्थकर्मी थारुले बताए।

कानमा समस्या देखिए पनि सामान्य ठानेर लामो समयसम्म उपचार नगर्ने प्रवृत्तिका कारण कतिपय अवस्थामा समस्या जटिल बन्ने गरेको स्वास्थ्यकर्मीहरू बताउँछन् । शिविरमा आएका सेवाग्राहीको कान परीक्षण तथा स्वास्थ्य परामर्शमा स्वास्थ्यकर्मी भीषण थारु, तीर्थमान थारु, दामोदर चौधरी र सीताकुमारी चौधरीलगायत रहेका थिए। सो शिविरमा ब्रिनोज कान स्वास्थ्य सामुदायिक सेवा, नेपालगञ्जले प्राविधिक सहयोग गरेको थियो । खजुरा गाउँपालिकाले स्थानीयस्तरमै विशेषज्ञ तथा प्राविधिक सेवाको पहुँच पुऱ्याउने उद्देश्यले शिविर सञ्चालन गरेको जनाएको छ।

## नेपालगञ्ज उद्योग वाणिज्य संघमा ओली निर्वाचित

बाँके। बाँकेको नेपालगञ्ज उद्योग वाणिज्य सङ्घको निर्वाचनबाट नयाँ नेतृत्व चयन भएको छ। अध्यक्ष पदमा चिरञ्जीवी ओली फराकिलो मतसहित विजयी भएका हुन् । आइतबार सार्वजनिक भएको मतपरिणामअनुसार ओली एक हजार ३८६ मतसहित विजयी भएका हुन् । अध्यक्ष पदका प्रतिद्वन्द्वी ध्रुवप्रसाद दाहालले ३७४ मत प्राप्त गरे। यसअघि ओली सङ्घमा वरिष्ठ उपाध्यक्ष थिए।

महिला उपाध्यक्षमा रूपा ओझा एक हजार १६६ मतसहित विजयी भएकी छिन्। उनको निकटतम प्रतिद्वन्द्वी उमा ग्राण्डनले ५०३ मत प्राप्त गरिन् । निर्वाचनको अन्तिम नतिजाअनुसार महासचिव पदमा विष्णु श्रेष्ठ एक हजार २८७ मतसहित विजयी हुँदा सोही पदका अर्का उम्मेदवार दीपेन्द्रकुमार जोशीले ४०८ मत प्राप्त गरेका थिए।

उप-महासचिव पदमा प्रदीप आचार्य विजयीभएका छन् । उनले ८६४ मत प्राप्त गर्दा उनका प्रतिद्वन्द्वी शिवप्रसाद दाहालले ८४२ मत प्राप्त गरे । त्यसैगरी कोषाध्यक्ष पदमा टीकामणि उपाध्याय ९१७ मतका साथ विजयी हुँदा उनका निकटतम प्रतिद्वन्द्वी सूर्य श्रेष्ठले ५९८ र नारायण प्रसाईंले १८३ मत प्राप्त गरेका गरे।

दश जना कार्यसमिति सदस्य पदका लागि भएको निर्वाचनमा सन्तोषकुमार पौडेल, तोपबहादुर थापा, नन्दराम जैसी, शरदराज अधिकारी, नगेन्द्र शाही, आदित्य गुप्ता, जाहाँगिर मुसलमान, शरदप्रसाद रिजाल, सुरजबहादुर भण्डारी र अतुलकुमार गुप्ता विजयी भएका छन् । निर्वाचनमा यसअघि नै उपाध्यक्षद्वय उद्योगतर्फ कमलकुमार कार्की र वाणिज्यतर्फ विष्णुप्रसाद श्रेष्ठ निर्विरोध भएका थिए।

# सामूहिकमा वादविवाद र चित्रकला प्रतियोगिता



भैरहवा । सामूहिक विद्यालय परिवार रूपन्देहीको आयोजनामा वादविवाद तथा चित्रकला प्रतियोगिता सम्पन्न भएको छ । परिवारमा आबद्ध १७ वटा विद्यालयका विद्यार्थीहरूको चौतर्फी विकास, तार्किक क्षमता र कलात्मक प्रतिभा प्रस्फुटन गराउने उद्देश्यले आयोजित यस प्रतियोगितामा छात्र तथा छात्रा दुवै विधामा प्रतिस्पर्धा गराइएको थियो।

कक्षा ८ देखि १० सम्मका विद्यार्थीहरूका लागि ‘वर्तमान परिवेशमा एकल परिवारभन्दा संयुक्त परिवार उत्तम’ शीर्षकमा वादविवाद प्रतियोगिता भएको थियो । बालबालिकाहरूमा अध्ययन संस्कृतिको विकास, विषयप्रतिको गहिरो तार्किक समझ, विश्लेषणात्मक क्षमता तथा प्रभावकारी अभिव्यक्ति कलाको अभिवृद्धिमा सहयोग पुऱ्याउने उद्देश्यले कार्यक्रम गरिएको संयोजक गम्भीर गुरुङले जानकारी दिए।

त्यसैगरी, कक्षा २ र ३ का विद्यार्थीहरूका लागि ‘सुन्दर दृश्य’ शीर्षकमा चित्रकला प्रतियोगिता आयोजना गरिएको थियो, जसले उनीहरूमा रहेको कलात्मक सीप, सिर्जनात्मक क्षमता र रंग-रेखाको माध्यमबाट आफ्ना विचार तथा भावना स्वतन्त्र रूपमा व्यक्त गर्ने आत्मविश्वास बढाउन मद्दत गरेको छ। यस्ता अन्तर-विद्यालय कार्यक्रमले बालबालिकाहरूमा स्वस्थ प्रतिस्पर्धाको भावना विकास गर्नुका साथै एकअर्काबाट नयाँ शैली र प्रविधि सिक्ने अवसर प्रदान गर्ने संयोजक गुरुङको भनाइ छ।

कार्यक्रमका प्रमुख अतिथि शिक्षा विकास तथा समन्वय एकाइ, रूपन्देहीका प्रमुख विष्णुप्रसाद पन्थीले यस क्षेत्रको शैक्षिक उन्नयनमा सामूहिक विद्यालय परिवारले खेल्दै आएको भूमिकाको सराहनीय रहेको बताए। सामूहिक विद्यालय परिवारले हरेक वर्ष आयोजना गर्ने यस्ता कार्यक्रमले संस्थागत विद्यालयहरूबिच आपसी सम्बन्ध प्रगाढ बनाउनुका साथै विद्यार्थी र शिक्षकहरूको बौद्धिक तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ।

संस्थाका अध्यक्ष विष्णुप्रसाद पन्थीले विद्यार्थीहरूको अतिरिक्त क्षमता विकासका साथै आलोचनात्मक चिन्तन र नेतृत्व क्षमताको अभिवृद्धि गर्न यस्ता शैक्षिक क्रियाकलापहरू निरन्तर सञ्चालन गरिँदै आएको बताए। यो परिवार केवल शैक्षिक क्षेत्रमा मात्र सीमित नरहेर सामाजिक कार्यमा पनि उत्तिकै सक्रिय रहेको उल्लेख गर्दै अध्यक्ष पन्थीले संस्थाको स्वर्ण जयन्तीको अवसरमा भानुभक्त आचार्यको पूर्णकदको शालिक निर्माण गरी स्थापना गर्ने योजना रहेको जानकारी दिए।

वादविवाद प्रतियोगिताको छात्रातर्फ फ्युचरलाइट स्कुलकी सन्ध्या सुनार प्रथम, नमूना स्कुलकी सन्ध्या पौडेल द्वितीय, युनिभर्सल पब्लिक स्कुलकी युना पाण्डे तृतीय र मिनर्वा स्कुलकी मनिषा गुप्ता सान्त्वना हुन सफल भए। वादविवादकै छात्रतर्फ नेपाल नालन्दाका प्रतीक बेलबासे प्रथम, लुम्बिनी सृजना स्कुलका स्योहेस पाण्डे द्वितीय, फ्युचरलाइट स्कुलका जोसेफ तामाङ तृतीय र इभरग्रिन प्यासिफिकका अभिषेक कुर्मी सान्त्वना स्थान हासिल गर्न सफल भए।

त्यसैगरी चित्रकला प्रतियोगिताको छात्रातर्फ एभरेष्ट मोर्डनकी सिवानी हरिजन प्रथम, स्पाङ्गल स्कुलकी अनुपा यादव द्वितीय, लुम्बिनी सृजनाकी साधना हरिजन तृतीय र आदर्श विद्या मन्दिरकी श्रेया सिंजाली सान्त्वना भए। चित्रकलाकै छात्रतर्फ लुम्बिनी सृजनाका ऋषिकुमार यादव प्रथम, एभरेष्ट मोर्डनका मोहम्मद उमर द्वितीय, युनिभर्सलका मनिष बस्नेत तृतीय र सञ्जीवनी शिक्षा सदनका विराट नेपाल सान्त्वना भएको जानकारी परिवारका सचिव कमल कोइरालाले दिए।

# व्यापार संघद्वारा विपन्न महिलाहरूलाई लत्ताकपडा वितरण



बुटवल। रुपन्देही व्यापार संघ महिला उद्यमी वस्तुगत उप-समितिद्वारा लत्ताकपडा तथा जुत्ताचप्पल वितरण कार्यक्रम सम्पन्न भएको छ। महिलाहरुको महान् पर्व हरितालिका तिजको अवसर पारेर उप-समितिले लत्ताकपडा वितरण कार्यक्रम सम्पन्न गरेको हो। आइतबार रुपन्देही जिल्लाको मायादेवी गाउँपालिकाका विभिन्न क्षेत्रमा रहेका करिब ३० घरपरिवारका विपन्न महिलाहरुका लागि उक्त सामग्रीहरु वितरण गरिएको उप-समिति संयोजक सरिता नेपालले बताइन्।

मायादेवी गाउँपालिकामा पर्ने लिनसन बौद्धिष्ट विद्यालयको प्रांगणमा आयोजित उक्त कार्यक्रममा प्रमुख अतिथि रुपन्देही व्यापार संघका अध्यक्ष प्रकाश ढकालले सामग्री हस्तान्तरण गर्दै संघले सामाजिक उत्तरदायित्वलाई पनि यसैगरी वस्तुगत उप-समितिद्वारा वहन गर्नु आफैँमा महत्वपूर्ण रहेको बताए।

कार्यक्रममा मायादेवी गाउँपालिकाका प्रशासन सहायक रामकृष्ण दुसार, लिनसन बौद्धिष्ट विद्यालयका प्रधानाध्यापक चन्द्रभुषण दुवेदीले सामाजिक कार्यको निम्ति महिला वस्तुगत उपसमितिलाई धन्यवाद व्यक्त गर्दै निरन्तरताको निम्ति आग्रह गरेका थिए।

कार्यक्रम सम्पन्न गर्नका निम्ति फुलबुट्टे कलेक्सनकी पुनम न्यौपाने र भैरव ग्यास सप्लायर्सकी विना खड्का क्षेत्रीद्वारा लत्ताकपडा तथा जुत्ताचप्पल सहयोग प्राप्त भएको उप-समिति सचिव गौरी न्यौपानेले जानकारी दिइन्। कार्यक्रममा संघका महासचिव प्रकाशराज पौडेल, महिला सचिव वृन्दा भट्टराई आचार्य, कार्यसमिति सदस्य लक्ष्मी भट्टराई, विजय ज्ञवालीलगायतको उपस्थिति रहेको थियो। कार्यक्रम उप-समिति संयोजक सरिता नेपालको अध्यक्षता एवं सचिव गौरी न्यौपानेको सञ्चालनमा सम्पन्न भएको थियो।

# बी भावनाद्वारा प्रशिक्षार्थीलाई प्रमाणपत्र प्रदान




बुटवल । बुटवल-११ कालिकानगरस्थित बीभावना नेल्स मेकअप स्टुडियोले आफ्नो पाँचौं वार्षिकोत्सवको अवसर पारर प्रशिक्षार्थीलाई प्रमाणपत्र वितरण गरेको छ।

स्टुडियोले सञ्चालन गरेको नेल्स, नेल्स एक्स्टेन्सन तथा ल्यासेससम्बन्धी दुईमहिने व्यावसायिक तालिम पूरा गरेका प्रशिक्षार्थीलाई मणिग्राममा आयोजित एक कार्यक्रममा प्रमाणपत्र वितरण गरिएको हो।

कार्यक्रममा बुटवल उप-महानगरपालिकाकी उपप्रमुख सावित्रादेवी अर्याललले सहभागी प्रशिक्षार्थीलाई प्रमाणपत्र प्रदान गरिन्।

उप-प्रमुख अर्याललले सौन्दर्यसम्बन्धी सीपमूलक तथा व्यावसायिक तालिमले स्वरोजगार बन्न महत्वपूर्ण सहयोग पुग्ने बताइन्। उनले सीप सिकेर त्यसलाई व्यावसायिक रूपमा व्यवहारमा उतार्न सके रोजगारीका लागि अरूमाथि निर्भर हुनुपर्ने अवस्था कम हुने धारणा राखिन्।

उनले सौन्दर्य व्यवसायलाई व्यवस्थित र व्यावसायिक बनाउन सीप, दक्षता र निरन्तर सिकाइ आवश्यक रहेको बताउँदै तालिम लिएका व्यक्तिले आफ्नो सीपलाई आम्दानीको माध्यम बनाउनुपर्नेमा जोड दिइन्। कार्यक्रममा नेपाल ब्युटिसियन संघ तिलोत्तमाकी अध्यक्ष अन्जना केसी, ब्यूटी हवकी निर्देशक सीता ध्वजूसहितले पनि कार्यक्रममा शुभकामना मन्तव्य व्यक्त गरेका थिए। वक्ताहरूले सौन्दर्य व्यवसायमा नयाँ प्रविधि र सीपको विकाससँगै दक्ष जनशक्तिको आवश्यकता बढ्दै गएको बताएका थिए।

संस्थाका सल्लाहकार सन्तोष थापाले सौन्दर्य क्षेत्रमा महिलाको सहभागिता र उद्यमशीलता बढाउन यस्ता व्यावसायिक तालिम उपयोगी हुने बताए। उनले अब बुटवल बाहिर प्रदेशका विभिन्न स्थानमा पनि तालिम सञ्चालन गर्न सुझाव दिए।

स्टुडियोकी सञ्चालक तथा कार्यक्रमकी अध्यक्ष भावना श्रेष्ठले सौन्दर्यसम्बन्धी व्यावसायिक सीप प्रदान गर्ने उद्देश्यले संस्था स्थापना गरिएको बताइन्। उनका अनुसार २०७८ सालमा स्थापना भएको संस्थाले प्रत्येक छ-छ महिनामा तालिम सञ्चालन गर्दै आएको छ।

श्रेष्ठका अनुसार हालसम्म संस्थाबाट करिब एक हजार जनाले विभिन्न प्रकारका व्यावसायिक तालिम लिइसकेका छन्। पछिल्लो छ महिनाको अवधिमा करिब ६० जनाले तालिम लिएका छन् भने एक वर्षमा १२० देखि १४० जनासम्म प्रशिक्षार्थी सहभागी हुने गरेका छन्।

काठमाडौंमा एक दशक सिकेको सीपलाई बुटवलमा आएर व्यवहारमा उतारेको श्रेष्ठले बताइन्। दुईमहिने तालिममा बुटवलसँगै बर्दघाट, पाल्पा र भैरहवालगायतका क्षेत्रबाट समेत प्रशिक्षार्थी तालिम लिन आएको संस्थाले जनाएको छ।

कार्यक्रममा प्रशिक्षार्थीका तर्फबाट नस्मी सर्तानै र आकांक्षा रामदामले तालिमबाट प्राप्त सीपलाई व्यावसायिक जीवनमा प्रयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। कार्यक्रममा शुभचिन्तक श्रेया केसी, पवित्रा श्रेष्ठलगायतले पनि मन्तव्य व्यक्त गरेका थिए। समारोहमा तालिम पूरा गरेका सबै प्रशिक्षार्थीलाई प्रमुख अतिथि अर्याल र संस्थाकी सञ्चालक श्रेष्ठले प्रमाणपत्र प्रदान गरेका थिए। सोही अवसरमा पाचौं वार्षिकोत्सव केक काटेर मनाइएको थियो।

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्क:
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्क:
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्र: लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

दैनिक लुम्बिनी

# बदल्नै पर्छ पितृसत्ताको मानसिकता

**अनुष्का बानियाँ**

धेरै जसो महिलाहरूले घर बाहिर काम गरे पनि घरको सम्पूर्ण जिम्मेवारी आफैँले सम्हाल्दै आएका छन् । धेरै थाकेका बेला र परिवर्तनको तीव्र चाहना हुँदाहुँदै पनि उनीहरु आफ्ना तोकिएका यही रीतिथिति मान्न बाध्य छन् । सबै महिलाहरुलाई त होइन, तर धेरैजसो महिलाहरुले यस्तै घरायसी वातावरणको सामना गर्नुपर्छ, जहाँ उनीहरुले बिहानदेखि रातसम्म खटिरहन्छन्, जबकि उनीहरुका श्रीमान भने केही सहयोग नगरी आराम गरिरहेका हुन्छन् । जसले गर्दा धेरै महिलाहरुले शारीरिक समस्याका साथसाथै मानसिक तनावको सामना गर्नुपरेको छ । जब महिलाहरुलाई आफ्नै घरभित्र समान व्यवहार गरिंदैन भने हामी बाहिरी संसारमा समानताको सुरुवात हुन्छ भनेर कसरी आशा गर्न सक्छौं ?

यी महिललाहरु प्रायः परम्परागत सामाजिक मान्यता वा आफ्नै भित्री मानसिकताबाट बाँधिएका हुन्छन् । विशेष गरी भित्रैसम्म गडेर रहेको यो विभेदकारी मानसिकताको कारण धेरै महिलाहरुले परिवर्तन चाहेर पनि आवाज उठाउन सक्दैनन् । अन्तरनिहित लैङ्गिक विभेद भनेको समाजको विभेदकारी सोंच र नियमहरुलाई महिला आफैँले सही मानेर चुपचाप स्वीकार गर्नु वा अन्जानमै महिलाप्रति नै गलत धारणा राख्नु हो । हाम्रो समाजमा लैङ्गिक मान्यताहरुले भरिएको थुप्रै कथा व्यथाहरु छन् । घरको काम त हेरचाह गर्ने जिम्मेवारी महिलाले मात्रै हो भन्ने सोंचले उनीहरुलाई निरन्तर थकित बनाइरहन्छ । यदि कसैले आवाज उठाइहाले भने पनि यो समाजले उनीहरुको आवाज दबाइदिन्छ। घरको कामलाई महिलाले मात्र बोझ नभई सबैको साझा जिम्मेवारी मानिनुपर्छ । जबसम्म हाम्रा घरका ढोकाभित्र वास्तविक लैङ्गिक समानता आउँदैन, तबसम्म महिलाहरुका लागि साँचो स्वतन्त्रता र न्यायको यात्रा अपुरै रहनेछ । समानता कायम हुनका लागि पितृसत्तात्मक समाज बदलिनै पर्छ र त्यो परिवर्तनका लागि पहिले हामी आफू बदलिनुपर्छ, किनकि समाज अरु कोही नभएर हामी नै हौं । जबसम्म हामीले आफ्नो सोंच र दृष्टिकोण बदल्दैनौं तबसम्म यो समाजले सबैलाई समानता दिन सक्दैन । महिलाहरु भान्सामा मात्र सीमित हुनुपर्छ भन्ने यो मान्यता पूर्णरुपमा गलत छ र यसलाई बदल्न आवश्यक छ। कागजमा लेखेर वा हस्ताक्षर गरेर मात्र होइन वास्तविक जीवनमा व्यवहारमै उतारेर महिलाहरु यस संसारमा अनगिन्ती संघर्षहरुको सामना गर्छन् । उनीहरु जीवनका सृष्टिकर्ता हुन्, त्यसैले उनीहरुलाई ओझेलमा पारिनु हुँदैन। केवल बराबर । समाजले महिलालाई वस्तुका रुपमा होइन, एउटा व्यक्तिका रुपमा हेर्न आवश्य कछ। उनीहरु स्वतन्त्र भएर र समानताका बारेमा ठूलाठूला कुरा गरिए पनि वास्तवमा त्यो कुरा हाम्रो व्यवहारमा र सोंचमा पूर्णरुपमा लागू भएका छैनन् । यदि नारीवादका कुरा केवल शब्दमा सीमित नभई वास्तविक रुपमा कार्यान्वयन भएको भए आज लाखौं महिलाहरु आफ्नै घरभित्र पीडा सहेर बस्नुपर्ने थिएन ।

भारतीय चलचित्र मिस्टर आज पनि महिलालाई कसरी व्यवहार गरिन्छ भन्ने कुराको उत्कृष्ट प्रतिनिधित्व हो । एमएसले अदृश्य श्रम, पितृसत्तात्मक परम्परा र व्यक्तिगत पहिचान गुमाउँदै जाने अवस्थालाई उजागर गर्छ । परम्परागत अपेक्षाहरुले महिलालाई घरायसी जीवनमा सीमित गरिदिँदा उनीहरुले समाना गर्नुपर्ने संघर्षको यो कथा नेपालको धेरै घर परिवारको वास्तविकतासँग पनि मेल खान्छ । महिलाहरु एक यस्तो अवस्थामा पुग्छन् जहाँ उनीहरुले आफ्नो व्यक्तिगत पहिचान नै गुमाउन थाल्छन् र अफूमा जबरजस्ती थोपिएका अपेक्षाहरु पूरा गर्नकै लागि मात्र बाँच्न थाल्छन् ।

प्रायः महिलाको मूल्यलाई अनुचित रुपमा केवल घरायसी कामकाज र जिम्मेवारी जोडेर हेरिन्छ। उनीहरु आफ्ना व्यक्तिगत करियरका लक्ष्य रुचि र सपनाहरुलाई कठोर सामाजिक मान्यता र परम्परागत सोंचसँग सन्तुलनमा राख्न संघर्ष गरिरहेका हुन्छन् ।

यो विषय केवल नारीवादका बारेमा बाहिर बहस वा नारासम्म सीमित छैन, यो महिलालाई हाम्रो दैनिक जीवनमा वास्तवमा कसरी व्यवहार गरिन्छ भन्ने कुरासँग जोडिएको विषय हो । महिलाहरुले आफ्नै घरभित्र भेदभाव, नियन्त्रण र अवास्तविक अपेक्षाहरुको सामना गरिरहँदा केवल शब्दमा समानताको कुरा गरेर मात्र वास्तविक समानता कायम हुन सक्दैन। समाजले महिलामाथि थोपरिएका भूमिकाहरु पूरा गर्नकै लागि उनीहरुले आफ्नो पहिचान सपना र स्वतन्त्रता गुमाउनुपर्ने अवस्था अन्त्य हुनुपर्छ । महिलाको मूल्य उनीहरुले अरुको कति राम्रोसँग सेवा गर्न सक्छन् भन्ने आधारमा होइन, उनीहरु पनि आफ्नै सपना इच्छा र पहिचान भएका स्वतन्त्र व्यक्ति हुन् भन्ने कुरालाई स्वीकार गरेर निर्धारण गरिनुपर्छ। यदि हामी साँच्चिकै महिलाहरुले सुरक्षित, सम्मानित र समान महसुस गर्ने समाज निर्माण गर्न चाहन्छौं भने परिवर्तन बाहिरबाट होइन आफ्नै घर, परिवार र सबैभन्दा महत्वपूर्ण रुपमा हाम्रो सोंचबाट सुरु हुनुपर्छ । समानता माग्ने कुरा होइन, व्यवहारमा उतार्ने जिम्मेवारी पनि हो । जबसम्म महिलालाई घरभित्र समान स्थान दिइदैन, तबसम्म बाहिरी संसारमा पूर्ण समानताको अपेक्षा गर्नु अधुरो हुनेछ। वास्तविक परिवर्तन त्यतिबेला मात्र सम्भव हुन्छ, जब हरेक महिलालाई आफूले चाहेको जीवन बाँच्ने अधिकार भएको एक स्वतन्त्र मानवको रुपमा हेरिन्छ।

# परियार सेवा समाज लुम्बिनी प्रदेशको अध्यक्षमा बराहा



बुटवल । परियार सेवा समाज लुम्बिनी प्रदेश समितिद्वारा आइतबार बुटवलमा प्रथम अधिवेशन तथा तिज मिलन कार्यक्रम - २०८३ भव्यरुपमा सम्पन्न भएको छ। समाजका लुम्बिनी प्रदेश अध्यक्ष निर्मल सुनामको अध्यक्षतामा भएको कार्यक्रममा समाजका केन्द्रीय अध्यक्ष नारायण परिश्रमी परियारको प्रमुख आतिथ्यता रहेको थियो।

प्रमुख अतिथि परियारले यो समुदायले आफ्नो पेशा, व्यवसाय र कला संस्कृतिको संरक्षण गर्दै आएको बताउँदै अबको कार्यभार संगठित हुनुपर्नेमा जोड दिए। उनले केन्द्रीय समितिले प्रत्येक जिल्ला शाखाहरुमा भवन निर्माण, हाते मेसिन, सिलाइ दररेट कार्यान्वयन, नौमती बाजालगायतका महपूर्ण योजनाहरु ल्याएको बताए।

कार्यक्रममा समाजका केन्द्रीय उप-महासचिव सरोज गौतमले परियार समुदाय विभाजित नभई एकजुट हनुपर्ने बताए । उनले यो समुदायमा सीप र कलाको प्रतिभा भएको भन्दै राज्यका हरेक तहमा उपस्थित रहेको जनाए।

त्यस्तैगरी समाजका कोशी प्रदेश इञ्चार्ज ओजकुमार सिवा, समाजका पूर्व केन्द्रीय उपाध्यक्ष खड्कबहादुर दर्नाल, लुम्बिनी कपडा तथा सिलाइ व्यवसायी संघका अध्यक्ष राजु बराहा, समाजका लुम्बिनी प्रदेश इञ्चार्ज हरि नेपाली, समाजका अर्घाखाँची जिल्ला अध्यक्ष रमेशकुमार परियारलगायतले शुभकामना मन्तव्य राख्दै परियार समुदायको एकजुट भएमा मात्रै उनीहरुको उत्थान र विकास हुने उल्लेख गरे।

कार्यक्रममा ९८ वर्षीय ज्येष्ठ सदस्य लोकबहादुर रणपाल, स्वास्थ्य क्षेत्रमा महत्वपूर्ण योगदान दिएका भेरी अस्पताल नेपालगञ्जका मेडिकल सुपरीटेण्डेण्ट डा. नविन दर्नाल, अधिवक्ता जानकी बराहा, कलाकारहरु सञ्जय सौगात, सम्झना रणपाल, परियार समाज रुपन्देहीका संस्थापक अध्यक्ष कृष्ण घलेलगायतलाई दोसल्ला र प्रमाणपत्रले सम्मान गरिएको थियो।

कार्यक्रममा समाजका अध्यक्ष निर्मल सुनामले बोल्दै २१औं शताब्दीमा पनि परियार समुदायलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आउन नसकेको बताए । उनले कला र सीपका धनी परियार जातिलाई राज्यले चिन्न नसकेको बताउँदै उनीहरुको हकहितका लागि पनि समाजले अगुवाइ गर्नुपर्ने जनाए । समाजका लुम्बिनी प्रदेश सदस्य नरेन्द्र दर्जीको स्वागत मन्तव्यमा भएको कार्यकममा महासचिव तथा कार्यक्रम संयोजक सीमा परियारले कार्यक्रम सञ्चालन गरेकी थिइन। साथै प्रथम अधिवेशनले राजु बराहाको अध्यक्षतामा नयाँ नेतृत्व चयन भएको छ । जसको उपाध्यक्षमा मीना नेपाली, कोषाध्यक्षमा सुरेन्द्रकुमार रणपाल, महासचिवमा सीमा दर्जी चयन भएका छन् । त्यस्तैगरी कार्यसमिति सदस्यहरुमा दिलबहादुर परियार, रमेशकुमार परियार र पशुपति सुनाम सर्वसम्मत चयन भएका छन् ।

सोही अवसरमा तिज मिलन कार्यक्रम समेत सम्पन्न गरिएको छ । महिला दिदीबहिनीहरुको महान पर्व हरितालिका तिज नजिकिंदै गर्दा समाजले तिज मिलन कार्यक्रम आयोजना गरेको हो। कार्यक्रममा लोक तथा दोहोरी गायक सञ्जय सौगात, सम्झना रणपाल र कुसुम परियारले तिजका मौलिक गीत प्रस्तुत गरी उपस्थित महानुभावहरुलाई भरपुर मनोरञ्जन प्रदान गरेका थिए।

# श्रीमान भेट्न गएकी स्वस्तिका र छोरीको दुर्घटनामा मृत्यु



बुटवल । गुल्मीको रूरूक्षेत्र गाउँपालिका वडा नम्बर ४ की २६ वर्षीया स्वस्तिका पौडेल श्रीमान घनश्याम ज्ञवालीलाई भेट्न रुकुम पश्चिम खलङ्गामा पुगेका बेला गाडीको ठक्करबाट ज्यान गुमाएकी छन् । 'बैंकर' घनश्यामलाई भेट्न स्वस्तिका दुई वर्षीया छोरी सान्दिकालाई लिएर केही दिनअघि रुकुम पश्चिमको जिल्ला सदरमुकाम मुसिकोट पुगेकी थिइन्। केही दिनको बसाइपछि उनी आइतबार आफ्नो माइती घर सुर्खेत फर्किने तयारीमा थिइन् ।

बिहान आमाछोरी मुसिकोटबाट कर्णाली प्रदेश ०२००१ ख १०७० नम्बरको यात्रुवाहक फोर्स गाडीमा सुर्खेततर्फ लागेका थिए । बिहान साढे ८ बजेतिरको समयमा मध्यपहाडी लोकमार्गअन्तर्गत रुकुम पश्चिमको सानीभेरी गाउँपालिका ८ एकान्त मोडमा पुगेपछि छोरी सान्दिकाले शौच गर्न खोजेपछि स्वस्तिकाले चालकलाई गाडी रोक्न आग्रह गरिन् ।

चालकले गाडी रोकेपछि छोरीलाई दिसापिसाब गराएर बाटो काट्ने क्रममा उनीहरू दुवै जनालाई तीव्र गतिमा आएको अर्को गाडीले ठक्कर दिँदा दुबै जनाको ज्यान गएको हो। सिम्लीबाट चौरजहारीतर्फ जाँदै गरेको भे १ ज १४८२ नम्बरको ईभी गाडीको ठक्करबाट आमाछोरी गम्भीर घाइते भए । गम्भीर घाइते आमाछोरीलाई उपचारका लागि रुकुम पश्चिम जिल्ला अस्पताल सल्लेमा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमका प्रमुख प्रहरी नायब (एसपी) उपरीक्षक वेदबहादुर पौडेलले जानकारी दिए।

घनश्याम रुकुम पश्चिमको सदरमुकाम मुसिकोट खलङ्गास्थित लक्ष्मी सन्राइज बैंकमा केही वर्षदेखि कार्यरत छन् । रूरूक्षेत्र गाउँपालिका गुल्मीका अध्यक्ष यदु ज्ञवालीले श्रीमानलाई भेट्न पुगेकी स्वस्तिका र उनकी छोरीको दुर्घटनामा मृत्यु भएको जानकारीमा आएको बताए । 'दुर्घटनाले गाउँ शोकमा डुबेको छ, खलङ्गाबाट सुर्खेततर्फ जाने क्रममा दुर्घटनामा परेर आमाछोरीको निधन भएको खबर आएको छ।'-अध्यक्ष ज्ञवालीले भने।

घटनाको जानकारी पाएलगत्तै प्रहरी चौकी सिम्लीबाट प्रहरी नायब निरीक्षक नरबहादुर विष्टको कमान्डमा ४ जनाको टोली घटनास्थल पुगेको थियो । प्रहरीले गम्भीर अवस्थामा रहेका आमाछोरीलाई तत्काल उद्धार गरी जिल्ला अस्पताल सल्ले पुऱ्याएको थियो । सल्ले अस्पतालमा उपचारका क्रममा बिहान साढे ९ बजेतिर आमाछोरीलाई चिकित्सकले मृत घोषणा गरेको डीएसपी बेदबहादुर पौडेलले बताए।

ठक्कर दिने गाडीका चालक सानीभेरी गाउँपालिका ३ चौखेका २२ वर्षीय अम्मर बिकलाई नियन्त्रणमा लिएर घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# स्याङ्जामा पूर्वाधारका ६१ योजना निर्माण




*प्रकाश डोटेल*
**स्याङ्जा**

पूर्वाधार विकास कार्यालय स्याङ्जाले आर्थिक वर्ष २०८२/८३ मा कुल १२१ योजनामध्ये ६१ योजनामात्रै निर्माण सम्पन्न गरेको छ । प्रदेश सरकारका ११६ र संघीय सरकारतर्फका पाँच गरी १२१ योजनामध्ये ६१ वटा योजनाको निर्माण गरेको हो।

कुल योजनामध्ये ५३ वटा योजना निर्माणाधीन अवस्थामा रहेका छन् भने ७ वटा योजनाको काम सुरु हुन नसकेको कार्यालयले जनाएको छ। निर्माण भएका ६१ योजनामध्ये ठूला पूर्वाधारतर्फ ६ वटा सडक पुल निर्माण गर्ने लक्ष्य राखेकोमा चार वटा मात्रै निर्माण भएको कार्यालयले जनाएको छ।

बिरुवा गाउँपालिकामा दुई, गल्याङ नगरपालिकामा एक र फेदीखोला गाउँपालिकामा एक गरी चार वटा सडक पुल निर्माण भएको छ। कार्यालयका प्रमुख इञ्जिनियर गुरुदत्त अधिकारीका अनुसार बिरुवाको राक्सेघाट चार करोड ९२ लाख ७१ हजार रुपैयाँ र गैरीघाट पाँच करोड ५१ लाख ७५ हजार रुपैयाँ लागतमा पुल निर्माण भएका छन्। त्यस्तै गल्याङ नगरपालिकाको रातोपुल पाँच करोड ४६ लाख १४ हजार रुपैयाँ तथा फेदीखोला गाउँपालिकाको खत्रीरहस्थित तिलस्वाँरा पुल तीन करोड १९ लाख ९४ हजार रुपैयाँ लागतमा निर्माण भएको अधिकारीले जानकारी दिए।

सडक पुलतर्फको दुईमध्ये पुतलीबजार नगरपालिका-३ स्थित सिंहाले पुलको काम ५० प्रतिशत सकिएको छ। सिंहाले पुल चार करोड ५२ लाख ६८ हजार रुपैयाँ लागतमा निर्माण भइरहेको कार्यालयले जनाएको छ। त्यस्तै फेदीखोला गाउँपालिकामा चार करोड ९४ लाख ६३ हजार रुपैयाँ लागतमा निर्माण भइरहेको सेतीखोला पुलको हालसम्म ४० प्रतिशत काम सकिएको छ।

त्यसैगरी सडक पुलसँगै जिल्लाका विभिन्न स्थानमा कार्यालयले झोलुङ्गे पुल निर्माण गरेको छ । पुतलीबजार नगरपालिकाको नारायणस्थान-मुजवा, चापाकोट नगरपालिकाको बर्कानटार-कसेनी, भीरकोट नगरपालिकाको चराङ-साउँदी र हरिनास गाउँपालिकाको ललही-बलाम्दी जोड्ने झोलुङ्गे पुल झण्डै एक करोड ४० लाख रुपैयाँमा निर्माण भएको कार्यालयले जनाएको छ।

कार्यालयले गएकै आर्थिक वर्ष २०८२/८३ मा सडक निर्माणतर्फ ९.५ किलोमिटर सडक कालोपत्रे गरेको छ भने ७.७ किलोमिटर सडक ढलान गरेको जनाएको छ। पाँच किलोमिटर सडक ग्राभेल गरेको कार्यालयले १.२५ किलोमिटर नयाँ कच्ची सडक निर्माण गरिएको छ। सडक पूर्वाधारअन्तर्गत ३०.३ किलोमिटर नाला निर्माण गरिएको छ भने १०९ वटा कल्भर्ट तथा ह्युम पाइप जडान गरिएको छ।

निर्माण हुन नसकेका ठूला योजनामा गल्याङ नगरपालिकाको कटुवाथर-निबुवाखर्क जोड्ने झोलुङ्गे पुल एक करोड, भीरकोट-मोहनडाँडा सडक ५० लाख रुपैयाँ, बीपी स्मृति सडक ५० लाख रुपैयाँको रहेको छ भने गल्याङ-चापाकोट सडक मर्मततर्फको २५ लाख, झोलुङ्गे पुल मर्मतमा ५० लाख तथा जनता आवास कार्यक्रमतर्फ पाँच लाख रुपैयाँ बजेट विनियोजन हुँदासमेत योजना कार्यान्वयनमा लैजान नसकेको इन्जिनियर पोषराज पौडेलले बताए।

कार्यान्वयनमा गएका केही योजना निर्माण भए पनि पुल निर्माण, सडक स्तरोन्नति तथा पहुँच विस्तार पूर्वाधारका केही योजना अझै अधुरै रहेका छन् । योजना निर्माणको जिम्मा लिएका र निर्माणमा ढिलाइ भएका बलमाटा सडक आयोजनाको ५६ लाख रुपैयाँ र ज्यामिरे-कोल्मा सडक आयोजनाको एक करोड ६० लाख रुपैयाँ धरौटी जफत गरिएको कार्यालयले जनाएको छ।




**सार्वजनिक यातायातको मर्यादित प्रयोग गरौं**

- सवारी चढ्ने र ओर्लने क्रममा सडक अनुशासन र पालोको पालना गरौं,
- ज्येष्ठ नागरिक, गर्भवती महिला, अपाङ्गता भएका व्यक्ति तथा बालबालिकालाई प्राथमिकता दिऔं,
- सार्वजनिक यातायातमा धूम्रपान गर्ने, फोहोर फाल्ने तथा होहल्ला गर्ने कार्य नगरौं,
- चालक तथा सहचालकसँग सभ्य र सम्मानजनक व्यवहार गरौं,
- चालक तथा सहचालकले यात्रुसँग सभ्य र सम्मानजनक व्यवहार गरौं,
- सवारी साधनको क्षमता भन्दा बढी यात्रु चढौं/नचढाऔं,
- ट्राफिक नियमको पालना गरी सुरक्षित यात्रामा सहयोग गरौं,
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्दै स्वच्छ र सुरक्षित यात्रा संस्कृतिको विकास गरौं ।

**अनुशासित यात्रा गरौं, सुरक्षित गन्तव्यमा पुगौं ।**

**नेपाल सरकार विज्ञापन बोर्ड**

**आकर्षक डिजाइन तथा छपाई**

**सबै किसिमका रंगिन तथा सादा**

**डिजाइनका साथै सम्पूर्ण छपाईको लागि**

**सधै हामीलाई सम्झनुहोस !**

**आइडिया**
**डिजाइनर्स/**
**अफसेट प्रेस**

**सम्पर्क:**
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com